आज मिति २०७४ साल चैत्र २ गतेका दिन यस लमही नगर पालिका नगर कार्यपालिकाका प्रमुख श्री कुल बहादुर के.सी.ज्यू को अध्यक्षतामा तपसिलको उपस्थितीमा नगर कार्यपालिकाको बैठक बसी देहायका निर्णयहरु गरियो।

उपस्थिती

| | | | |
|---|---|---|---|
| [signature] | १) श्री कुल बहादुर के.सी. | (नगर प्रमुख) | |
| [signature] | २) श्री देवका बेलवासे | (नगर उप प्रमुख) | |
| [signature] | ३) श्री नुम राज पौडेल | (वडा अध्यक्ष वडा नं. १) | |
| [signature] | ४) श्री नेपालु चौधरी | (वडा अध्यक्ष वडा नं. २) | |
| | ५) श्री बाबुराम चौधरी | (वडा अध्यक्ष वडा नं. ३) | |
| [signature] | ६) श्री सुवास न्यौपाने | (वडा अध्यक्ष वडा नं. ४) | |
| [signature] | ७) श्री बिम बहादुर के.सी. | (वडा अध्यक्ष वडा नं. ५) | |
| [signature] | ८) श्री गणेशभान चौधरी | (वडा अध्यक्ष वडा नं. ६) | |
| [signature] | ९) श्री मोहन गिरी | (वडा अध्यक्ष वडा नं. ७) | |
| | १०) श्री मेघ नारायण चौधरी | (वडा अध्यक्ष वडा नं. ८) | |
| | ११) श्री भेष बहादुर के.सी. | (वडा अध्यक्ष वडा नं. ९) | |
| [signature] | १२) श्री राधादेवि के.सी. | (सदस्य) | |
| | १३) श्री नारायणी खड्का | (सदस्य) | नारायणी ख. [signature] |
| [signature] | १४) श्री अनिता चौधरी | (सदस्य) | |
| | १५) श्री पार्वती विश्वकर्मा | (सदस्य) | पर्वति |
| [signature] | १६) श्री बम बहादुर विश्वकर्मा | (सदस्य) | |
| टगे नेपाली | १७) श्री टगे नेपाली | (सदस्य) | |
| सुनिता [signature] | १८) श्री सुनिता कुमारी चौधरी | (सदस्य) | |
| [signature] | १९) श्री रमेश कुमाल | (सदस्य) | |
| [signature] | २०) श्री गेहेन्द्र बहादुर डाँगी | (सचिव) | |

प्रस्तावहरु

१) "निशुल्क स्वास्थ्य सेवा संचालन कार्यविधी २०७४" संसोधन तथा परिमार्जन गर्ने सम्बन्धमा।
२) कृषि बजार उपज केन्द्र, लमहीको जग्गा र भौतिक संरचनाको उपयोग ४ नं वडा कार्यालय संचालन गर्ने सम्बन्धमा।
३) प्राविधिक लगायत कर्मचारी पदपुर्ति व्यवस्थापन सम्बन्धमा।
४) वडा नं. ३, ५, ६ र ७ मा थप नगर स्वास्थ्य केन्द्र स्थापना र संचालन गर्ने सम्बन्धमा
५) सवारी साधन (मोटरसाइकल) व्यवस्थापन सम्बन्धमा

## मिति २०७४ साल चैत्र २ गते को कार्यपालिकाको निर्णयहरु

**निर्णय न. १** यस लमही नगर कार्यपालिकाको "निशुल्क स्वास्थ्य सेवा संचालन सम्वन्धि निर्देशिका, २०७४ दफा १ को उपदफा १.५ पछि देहाय वमोजिम थप गरी स्विकृत गर्ने"
"१.६ नेपालका जुनसुकै जिल्लाका कम्लरीवाट मुक्त भई लमही नगरपालिका अन्तरगत वालजनता मा.वि. वनगाउ र सुर्य विनायक मा.वि. नर्तीमा अध्ययनरत मुक्त कम्लरी छात्र छात्राहरु (जम्मा ९५जना) ले यो सेवा प्राप्त गर्न सक्नेछन ।" लाई निशुल्क स्वास्थ्य सेवा संचालन सम्वन्धि निर्देशिका, २०७४ मा थप गरी संशोधन गर्ने निर्णय गरियो ।

**निर्णय न. २** लमही नगरपालिका वडा न. ४ मा रहेको कृषि उपज वजार केन्द्र लमहीको जग्गा र भवन उपयोगहीन भएको र लमही नगर कार्यपालिकालाई केही कार्यालय संचालन गर्न र तरकारी तथा फलफूल बजार व्यवस्थापन गर्न आवश्यक ठाउँ चाहिएको हुँदा सो कृषि उपज वजार केन्द्रको आवास भवनमा २०७५ साल बैशाख १गते देखि ४ न. वडा कार्यलय संचालन गर्ने र बाँकी घर र जग्गामा तरकारी फलफूल संकलन तथा विक्री वितरण गर्न ठाउँ उपलब्ध गराउने, वजारको खुल्ला स्थानमा विक्री वितरण गर्ने गरेका किसानी फुटकर व्यापारीहरुलाई सोही स्थानमा व्यवस्थापन गरी संचालन गर्ने तथा सो उपज केन्द्रको आवश्यक संरक्षण, मर्मत संभार र तारवार गर्न आवश्यक पर्ने रकम समेत चालु आ.व. मै व्यवस्था गर्ने निर्णय गरियो ।

**निर्णय न. ३** यस नगर कार्यपालिकाले खरिद गरेको मोटरसाइकल मध्येवाट वडा १ र ७ को कार्यालयलाई १/१ थान मोटरसाईकल उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय न. ४** लमही नगरपालिका नगर कार्यपालिकाको भूमिकालाई अझ प्रभावकारी बनाउने उद्धेश्यले आगामी दिनदेखि हरेक महिनाको ३ गते र १८ गते नियमित रुपमा नगर कार्यपालिकाको बैठक बस्ने निर्णय गरियो ।

**निर्णय न. ५** तत्कालीन सतवरिया गा.वि.स. यस लमही नगरपालिकामा समायोजन हुनुपुर्व मिति २०७३।११।२७ सम्म वनेका घरहरुको अभिलेखिकरण कार्य सुचारु राख्ने निर्णय गरियो ।

**निर्णय न ६** स्थानीय सरकार संचालन ऐन, २०७४ का सम्वन्धमा संचालन हुने १ दिने अभिमुखिकरण कार्यक्रम यही चैत्र ८ गते संचालन गर्ने र सो कार्यक्रममा यस नगरपालिका नगर सभाका सम्पूर्ण सदस्य ज्यूहरुलाई सहभागी गराउने निर्णय गरियो ।

**निर्ण न. ७** य यस लमही नगरपालिका क्षेत्र भित्र सार्वजनिक जग्गामा घर टहरा बनाई वसोवास गरेका व्यक्तिहरुको मानविय संवेदनालाई ध्यान दिई, विजुली उपयोगको लागी यसैलाई सम्पत्ति स्वामित्वको अधिकारको रुपमा लिन नदिने शर्तमा, सिफारिश दिने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत

**निर्णय न. ८** मिति २०७४/११/२९ मा बसेको विपद व्यवस्थापन समितिले गरेको निर्णय न. २ लाई कार्यन्वयन गर्ने निर्णय गरियो । निर्णयको विवरण (दमकल सेवा संचालन गर्न आवश्यक पर्ने कर्मचारीहरुको न्युनतम शंख्या परिपुर्ति गर्न १ जना चालक र ४ जना सहायक (फायर म्यान ) भर्ना गर्न आवश्यक पर्ने अनुमानित रकम रु.५,००,०००। विपद व्यवस्थापन कोषवाट व्यवस्था गर्ने निर्णय गरियो । भर्ना गर्ने कर्मचारीहरुको हकमा चालक पदका लागी र सहायक पदका लागी दरखास्त आह्वान गर्न सूचना प्रकाशन गर्ने निर्णय गरियो ।) र पदपुर्ति र छनोट सम्वन्धि मापदण्ड प्रमुख प्रशासकिय अधिकृतले नै निर्धारण गरी कार्य सम्पादन व्यवस्थापन गर्ने अधिकार दिने निर्णय गरियो ।

**निर्णय न.९** लमही नगरपालिका नगर स्वास्थ्य केन्द्र स्थापना नभएका वडाहरुमा पनि नगर स्वास्थ्य केन्द्रहरु खोल्दै जाने लक्ष्य अनुरुप यस नगरपालिकाको ३, ६ र ७ न. वडामा यसै चालु आर्थिक वर्ष २०७४/२०७५ मा नगर स्वास्थ्य केन्द्र स्थापना गर्ने हेतुले उक्त स्वास्थ्य केन्द्रहरु संचालन गर्न आवश्यक न्युनतम स्वास्थ्यकर्मी ३ जना अ.हे.व. र ३ जना अ.न.मी. तथा ३ जना कार्यालय सहयोगी भर्ना गर्न दरखास्त आह्वान गरी भर्ना प्रक्रिया अगाडी बढाउने र पदपुर्ति र छनोट सम्वन्धि मापदण्ड प्रमुख प्रशासकिय अधिकृतले नै निर्धारण गरी कार्य सम्पादन व्यवस्थापन गर्ने अधिकार दिने निर्णय गरियो निर्णय गरियो ।

**निर्णय न. १०** लमही नगरपालिका वडा न. १ मा संचालित नगर स्वास्थ्य केन्द वौराहामा कार्यरत अ.हे.व. १ जना अ.न.मी. १ जना र कार्यालय सहयोगी १ जना त्यस्तै लमही नगरपालिका वडा न. २ वनकट्टामा कार्यरत अ.हे.व. १ जना र अ.न.मी. १ जनाको सेवा करार सम्झौता २०७४ श्रावण देखि. नै छुट हुन गएकोले निजहरुलाई २०७४ श्रावण देखि लागु हुनेगरी सेवा करार सम्झौता गरी सेवामा निरन्तरता दिनका लागी लमही नगरपालिका वडा न. १ र २ बाट सिफारिश समेत भएकाले निजहरुलाई स्वास्थ्य सेवा संचालन तथा व्यवस्थापन कार्यविधि, २०७४ वमोजिम सेवा सुविधा समेत उपलव्ध गराउनेगरी निजहरुसंग सेवा करार सम्झौता गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकिय अधिकृत